INHURED International has Special Consultative Status with ECOSOC of United Nations.
Rgd. Kath: 467/047/048
Rgd. US: IRC 501 (C)(3)

INHURED

इन्हुरेड इन्टरनेशनल
INHURED INTERNATIONAL
International Institute for Human Rights, Environment and Development
institut international des droits de l'personne, de l'environnement et du developpment
*Official Partner*
POPULATION WATCH

PopWatch

*प्रेस विज्ञप्ति*

# पीडितका स्वरहरु : सुनुवाई र सम्वोधन सम्पन्न

*ललितपुर, २०६४ पौष १३ गते ।*

मानव अधिकरकर्मी संस्था इन्हुरेड इन्टरनेशनल/पपुलेशन वाचद्धारा ५९औं मानव अधिकार दिवसको सन्दर्भमा आयोजित दुई दिने **"पीडितका स्वरहरु : सुनुवाई र सम्बोधन"** विषयक विशेष कार्यक्रम आज सम्पन्न भएको छ ।

कार्यक्रममा न्याय विमुखको तर्फबाट विभिन्न क्षेत्र जस्तै यातना, बेपत्ता, दलित, अपाङ्ग, बालिका, एकल महिला, महिला (लैङ्गिक हिंसा), वेचबिखन, शरणार्थी, विस्थापित, आप्रवासन, भूमिहिन, कृषि बधुवा मजदुर, मुक्त कमैया, आदिवासी/जनजाति र मधेसी समुदायको सहभागिता रहेको थियो । त्यसैगरी, सरकारको तर्फबाट गृहमन्त्रालय, भूमि सुधार मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, परराष्ट्र मन्त्रालय कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र महान्याधिवक्ताको कार्यालयका प्रतिनिधि रहनु भएको थियो । त्यसैगरी प्रत्येक सत्रमा व्यवस्थापिका संसदका सांसदहरुको उपस्थिति रहेको थियो ।

न्याय विमुखहरुले व्यक्तिगत पीडाभन्दा पनि सम्बन्धित क्षेत्रमा भोग्नु परेका सम्पूर्ण अन्यायको उठान गर्नु भएको थियो । न्याय विमुखहरुले उठाएका विविध मुद्दाहरुको सम्बन्धमा सम्बन्धित क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरुले थप उजागर गर्नु भएको थियो भने कानुन व्यवसायीहरुले राष्ट्रिय कानुन तथा नीतिको प्रावधानको बारेमा प्रष्ट पार्नु भएको थियो । न्याय विमुख तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरुले उठान गरेको मुद्दाको सम्बन्धित मन्त्रालय तथा अन्य सरकारी निकायबाट आउनु भएका प्रतिनिधिले जवाफ दिनु भएको थियो ।

दुई दिनसम्म चलेको उक्त कार्यक्रमको उद्घाटन सत्रमा बोल्नुहुदै माननीय उपसभामुख चित्रलेखा यादवले पीडितका सुनुवाई कार्यक्रम तराईका विभिन्न जिल्लामा लगिनु पर्ने र न्याय विमुखलाई अविलम्ब न्याय दिनु पर्ने कुरामा जोड दिँदै अन्तराष्ट्रिय फौजदारी अदालत सम्बन्धी रोम बिधान राज्यले अनुमोदन गर्नु पर्ने बताउनु भयो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, व्यवस्थापिका संसदका सदस्य खिमलाल देवकोटा, इन्सेकका अध्यक्ष सुवोधराज प्याकुरेल, मानव अधिकार उच्चायुक्त कार्यालयको कार्यवाहक प्रमुख जिलियन केट्लीले आफ्नो मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको सभापति समेत रहनु भएका इन्हुरेडका अध्यक्ष डा. गोपाल कृष्ण सिवाकोटीले सुनुवाई कार्यक्रमको सान्दर्भिकता र उद्देश्य प्रष्ट पार्नु भएको थियो ।

यसैबीच कार्यक्रमको समापन समारोहमा बोल्नुहुँदै राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य सुशिल प्याकुरेलले दण्डहिनताको अन्त्य हुनुपर्ने कुरामा जोड दिनु भएको थियो । समापन समारोहमा सहभागी न्याय विमुखको तर्फबाट बेपत्ता परिवारको प्रतिनिधित्व गर्दै मन बहादुर घर्ती मगरले कार्यक्रम अत्यन्त फलदायी भएको र यसको सुनुवाई सम्बन्धित ठाउसम्म पुगी न्याय निरुपण हुने कुरामा आफूहरु विश्वस्त भएको बताउनु भएको थियो ।

महिडोल युनिभर्सिटी, थाइल्याण्डका निर्देशक डा. श्रीप्रफा पेचारामश्रीले मानव अधिकारको सुनिश्चित गर्न राज्यको जवाफदेहीता सुनिश्चित हुनुपर्नेमा जोड दिनु भएको थियो । लथरन वर्ल्ड फेडेरसनका यदु श्रेष्ठले सुनुवाइ कार्यक्रम क्षेत्र र जिल्ला स्तर सम्म पुऱ्याउन पर्नेमा जोड दिनु भयो । कार्यक्रम समापनको अन्त्यमा बोल्नु हुँदै डा. गोपाल कृष्ण सिवाकोटीले पीडितहरुका स्वर सम्बन्धित निकायसम्म पुऱ्याउने प्रतिबद्धता जाहेर गर्दै त्यसका निम्ति संगठित अभियान संचालन गर्न आव्हान गर्नु भयो ।

वि. पी. अधिकारी
वकालत निर्देशक

GPO Box : 12684, Ktm., Jhamsikhel, Lalitpur-2, Nepal Tel : 977-1-5531896 Fax : 977-1-5547616
Email : info@popwatch.org.np www.inhurednepal.org
Address in US : Office of the UN Representative, 41-42, Elbertson Street, Suite 301, Elmhurst, New York 11377, Tel/Fax : 1-718-4722018